# नेपाली पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७

*(मिति २०७४ साल असोज मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार

# नेपाली पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७

लालमोहर र प्रकाशन मिति
२०२७।१२।३०

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | न्याय प्रशासन सुधार ऐन, २०३१ | २०३१।४।१८ |
| २. | न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ३. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ५. | केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ | २०७२।६।१४ |
| ६. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०२७ सालको ऐन नं. १६

⏭...............

समुद्रयात्रा गर्ने नेपाली पानी जहाजका प्रमाणपत्र र रोजनामचाहरुको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : समुद्रयात्रा गर्ने नेपाली पानी जहाजका प्रमाणपत्र र रोजनामचाहरुको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाली पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७" रहेको छ ।

(२) यो ऐन नेपाल ⏭........ भर लागू हुनेछ र जहाँसुकै रहेको भए तापनि पानी जहाज दर्ता ऐन, २०२७ बमोजिम दर्ता गरिएको र दर्ता गर्नु पर्ने पानी जहाज र सो पानी जहाजका धनी, नाविक र कर्मचारीहरुलाई समेत लागू हुनेछ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "नेपाल पानी जहाज कार्यालय" भन्नाले पानी जहाज दर्ता ऐन, २०२७ अर्न्तगत स्थापित नेपाल पानी जहाज कार्यालयलाई सम्झनु पर्छ ।

(ख) "पानी जहाज" भन्नाले कम्तीमा १० ग्रस रजिष्टर टन भारवहन क्षमता भएको समुद्रयात्रा गर्ने जलयान (भेसल) लाई सम्झनु पर्छ ।

(ग) "यात्रुवाहक पानी जहाज" भन्नाले १२ भन्दा बढी सङ्ख्यामा यात्रु ओसार्न अधिकार प्राप्त पानी जहाजलाई सम्झनु पर्छ ।

(घ) "मालवाहक पानी जहाज" भन्नाले यात्रुवाहक पानी जहाज बाहेक अरु सबै पानी जहाजलाई सम्झनु पर्छ ।

(ङ) "टेङ्कर" भन्नाले ठूलो परिमाणमा तरल माल ढुवानी गर्नको लागि निर्मित वा परिवर्तित मालबाहक पानी जहाजलाई सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. प्रमाणपत्र र रोजनामचा : (१) प्रत्येक नेपाली पानी जहाजले यो ऐन बमोजिमका प्रमाणपत्र र रोजनामचाहरु राख्नु पर्छ ।

(२) त्यस्ता प्रमाणपत्र र रोजनामचाहरुले सो पानी जहाजको परिचय, समुद्रयात्रा गर्ने क्षमता र समुद्रयात्रा गर्ने पानी जहाजमा हुनु पर्ने अरु आवश्यकता पूरा भएको प्रमाणित गर्नेछन् ।

(३) त्यस्ता प्रमाणपत्र र रोजनामचाहरुको भाषा नेपाली हुनेछ ।

तर नेपाली भाषाको साथै दोस्रो भाषाको रूपमा अंग्रेजी भाषा पनि प्रयोग गर्न सकिनेछ ।

(४) त्यस्ता प्रमाणपत्र र रोजनामचाहरु सधैं सो पानी जहाजमा नै राखिनु पर्छ र अधिकार प्राप्त कुनै पानी जहाज कार्यालयको अधिकृत वा ■.............. नेपाली कूटनैतिक वा वाणिज्य प्रतिनिधिबाट चाहिएको बखत पेश गर्नु पर्छ ।

परिच्छेद-२

पानी जहाजका लिखतहरु

---

■ केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

४. दर्ताको प्रमाणपत्र : प्रत्येक नेपाली पानी जहाजले पानी जहाज दर्ता ऐन, २०२७ बमोजिम प्राप्त दर्ताको प्रमाणपत्र साथमा राख्नु पर्छ । त्यस्तो प्रमाणपत्रले सो पानी जहाजको राष्ट्रियता, लगाइएको काम र नौपरिवहनको श्रेणी प्रमाणित गर्नेछ र त्यसमा पानी जहाजको स्वामित्व र सो पानी जहाजलाई लगाइएको दायित्व (चार्जेज) र प्रतिबन्धहरु (रेष्ट्रिक्शन्स) अभिलिखित हुनेछ ।

५. राष्ट्रियताको अस्थायी प्रमाणपत्र : पानी जहाज दर्ता ऐन, २०२७ बमोजिम दर्ता भै नसकेको नयाँ खरिद भएको वा दर्ताको प्रमाणपत्र हराएको वा क्षतिग्रस्त भएको पानी जहाजले सो ऐन बमोजिम प्राप्त राष्ट्रियताको अस्थायी प्रमाणपत्र साथमा राख्नु पर्छ ।

६. नाविक सूची : (१) प्रत्येक नेपाली पानी जहाजले तोकिए बमोजिमको नाविक सूची राख्नु पर्छ । त्यस्तो सूचीमा सो पानी जहाजका नाविकहरुको नाम, उमेर, नियुक्तिको हैसियत, योग्यता र नागरिकता उल्लिखित हुनेछ ।

(२) त्यस्तो सूचीमा नौपरिवहनको सुरक्षाको आवश्यकता पूरा गर्न आवश्यक न्यूनतम नाविक सङ्ख्या र त्यसको गठन पनि उल्लिखित हुनेछ ।

७. सुरक्षाको प्रमाणपत्र : नेपाल सरकारले पत्याएको अधिकार प्राप्त वर्गीकरण संस्था (क्लासिफिकेशन सोसाइटी) द्वारा समुद्रमा जीवनको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (इण्टरनेशनल कन्भेशन फर दि सेफ्टी अफ लाइफ एट सि) १९६० को व्यवस्था अनुसार कुनै नेपाली पानी जहाजको सुमद्रयात्रा गर्ने क्षमता प्रमाणित भएपछि देहायका पानी जहाजलाई देहायका सुरक्षाका प्रमाणपत्रहरु तोकिएको दस्तुर लिई नेपाल पानी जहाज कार्यालयका नौपरीवहन निरीक्षकद्वारा प्रदान गरिनेछ र त्यस्ता प्रमाणपत्रहरुका ढाँचा तोकिए बमोजिम हुनेछ :-

(१) यात्रुवाहक पानी जहाजलाई - यात्रुवाहक पानी जहाजको सुरक्षाको प्रमाणपत्र ।

(२) मालवाहक पानी जहाजलाई -

(क) ५०० टन वा सो भन्दा बढी ग्रस टनेज भएकालाई मालवाहक पानी जहाजको निर्माणको (कन्स्ट्रक्शन) सुरक्षाको प्रमाणपत्र ।

(ख) ५०० टन वा सो भन्दा बढी ग्रस टनेज भएकालाई मालवाहक पानी जहाजको उपकरणको सुरक्षाको प्रमाणपत्र ।

(ग) १६०० टन वा सो भन्दा बढी ग्रस टनेज भएकालाई मालवाहक पानी जहाजको रेडियो टेलिग्रेफीको सुरक्षाको प्रमाणपत्र ।

(घ) ३०० टन भन्दा बढी तर १६०० टनभन्दा घटी ग्रस टनेज भएका र रेडियो टेलिग्राफ स्टेशन जडान नभएकालाई मालवाहक पानी जहाजको रेडियो टेलिफोनीको सुरक्षाको प्रमाणपत्र ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) खण्ड (१) र (२) मा उल्लेख भएका सबै पानी जहाजलाई समुद्रयात्रा गर्ने क्षमताको सि ओर्दिनेस प्रमाणपत्र ।

(४) १५० टन वा सो भन्दा बढी ग्रस टनेज भएको यात्रुवाहक वा मालवाहक पानी जहाजलाई अन्तर्राष्ट्रिय भार रेखा (लोड लाइन) को प्रमाणपत्र ।

(५) असाधारण अवस्था परी कुनै पानी जहाजलाई समुद्रयात्रा गर्नु परेमा त्यस्ता पानी जहाजलाई सो पानी जहाजमा समुद्रमा जीवनको सुरक्षा सम्बन्धी अन्तरर्राष्ट्रिय सन्धी (इण्टरनेशनल कन्भेन्सन फर दि सेफ्टी अफ लाइफ एट सी) १९६० मा केही आवश्यकताहरु पूरा नभएको भए तापनि एक पटक समुद्रयात्रा गर्नलाई सम्म सुरक्षा पर्याप्त छ भन्ने छुटको प्रमाणपत्र ।

८. टनेजको प्रमाणपत्र : (१) प्रत्येक नेपाली पानी जहाजले तोकिए बमोजिमको टनेजको प्रमाणपत्र प्राप्त गर्नु पर्छ । त्यस्तो प्रमाणपत्रले सो पानी जहाजको ग्रस र नेट टनेज प्रमाणित गर्नेछ ।

(२) त्यस्तो प्रमाणपत्र तोकिएको दस्तुर लिई नेपाली पानी जहाज कार्यालयको नौपरिवहन निरीक्षकद्वारा प्रदान गरिनेछ ।

९. मूसा निर्मूलनको प्रमाणपत्र : (१) मूसा पीडित पानी जहाजले मूसा निर्मूलन सन्तोषजनकरुपले पूरा गरेको प्रमाणको लागि तोकिए बमोजिमका मूसा निर्मूलनको प्रमाणपत्र प्राप्त गर्नुपर्छ ।

(२) कुनै पानी जहाज मूसा पीडित नभए वा मूसा पीडित भएको शङ्का गरिएको नभए वा मूसाको सङ्ख्या नगन्य हुने स्थितिमा स्थायीरुपले राखिएको भए सो पानी जहाज मूसा पीडित छैन भन्ने कुराको प्रमाणपत्र र त्यस्तो पानी जहाजलाई कुनै खास अवधिसम्म मूसा निर्मूलन गर्नबाट छुट पाएको छ भन्ने कुराको प्रमाणपत्र समेत प्राप्त गर्नु पर्छ ।

(३) नेपाली पानी जहाज अडिने जुनसुकै बन्दरगाहको स्वास्थ्य अधिकारीले प्रदान गरेको मूसा निर्मूलनको प्रमाणपत्र वा मूसा निर्मूलनबाट छुटको प्रमाणपत्र मान्य हुनेछ ।

१०. प्रमाणहरुको अवधि : (१) दफा ७ को खण्ड (१), (२) र (३) बमोजिमको प्रमाणपत्रहरुको म्याद १ वर्षको हुनेछ र सो म्याद बढीमा १२० दिनको लागि थप गर्न सकिनेछ ।

तर समुद्रयात्रा गर्ने क्षमताको (सि ओर्दिनेश) प्रमाणपत्रका हकमा भने त्यस्तो म्याद बढीमा १५० दिनको लागि थप गर्न सकिनेछ ।

(२) कुनै पानी जहाज क्षतिग्रस्त भई त्यसको समुद्रयात्रा गर्ने क्षमतामा प्रतिकूल असर परेमा सो पानी जहाजलाई दफा ७ बमोजिम प्राप्त सबै प्रमाणपत्र अमान्य हुनेछ ।

(३) अन्तर्राष्ट्रिय भार रेखा (लोड लाईन) को प्रमाणपत्र सो प्रमाणपत्रमा तोकिएको म्याद भुक्तान भएपछि अमान्य हुनेछ ।

तर त्यस्तो म्याद तोक्दा जारी भएको मिति देखि ५ वर्षभन्दा बढी अवधिको लागि तोकिने छैन ।

(४) छुटको प्रमाणपत्र जारी भएको अवधिभन्दा बढीको लागि मान्य हुने छैन ।

११. पानी जहाजको रोजनामचा : (१) ५० टन वा सो भन्दा बढी ग्रस टनेज भएको समुद्र यात्रा गर्ने र जतिसुकै टनेज भएको भए पनि १५० अश्व शक्ति (हर्स पावर) भन्दा बढी चालन शक्ति (मोटिभ पावर) भएको नेपाली पानी जहाजले तोकिए बमोजिमको पानी जहाजको रोजनामचा राख्नु पर्छ ।

(२) त्यस्तो रोजनामचा नौपरिवहन, सो पानी जहाजमा हुने काम, नाविकहरु, यात्रुहरु, मौसम सम्बन्धी अवलोकन, समुद्रमा भएका ठूलो दुर्घटना र विपत्तिहरुका विवरण र पानी जहाज कार्यालयका अधिकारीहरु, पानी जहाजका धनीहरु, पानी जहाजबाट माल पठाउने वा पठाउनेहरु, विमकहरु, अण्डरराइटरहरु र सम्बन्धित सबै व्यक्तिहरुलाई चाख लाउने घटनाहरुका विवरण लेखिनेछ ।

१२. इञ्जिनको रोजनामचा : (१) ५० टन वा सो भन्दा बढी ग्रस टनेज भएको र १५० हर्स पावर वा सो भन्दा बढी चालन शक्ति (मोटिभ पावर) भएको समुद्रयात्रा गर्ने प्रत्येक नेपाली पानी जहाजले तोकिए बमोजिमको इञ्जिनको रोजनामचा राख्नु पर्छ ।

(२) त्यस्तो रोजनामचा पानी जहाजमा जडान गरिएको चालन शक्ति (मोटिभ पावर) सम्बन्धी विवरण खासगरी जडानहरु (इन्सटलेशन) को स्थिती, कार्य सञ्चालन (फक्सनिङ्ग) र इन्धनको उपभोग, पुनर्नवन (ओभर हल) को मिति, गरिएको कामको किसिम र तिनको सञ्चालन (अपरेशन) र सेवा सम्बन्धी सबै विवरण लेखिनेछ ।

१३. आरोग्यता (स्यानिटेशन) सम्बन्धी रोजनामचा : (१) ४०० टन वा सो भन्दा बढी ग्रस टनेज भएको समुद्रयात्रा गर्ने प्रत्येक नेपाली पानी जहाजले तोकिए बमोजिमको आरोग्यता सम्बन्धी रोजनामचा राख्नु पर्छ ।

(२) त्यस्तो रोजनामचा सो पानी जहाजको नाविक र यात्रुहरुको आरोग्यता सम्बन्धी स्थिति, पानी जहाजमा खोपाइएका (भ्याक्सिनेशन गरिएका नाविक) र यात्रुहरुको नाम, उमेर, नागरिकता, घरको ठेगाना, पेशा र यात्राको बखत नाविक वा यात्रु बिरामी भए वा घाइते भए त्यसको विवरण र पानी जहाजमा आरोग्यता सम्बन्धमा अपनाएका उपाय सम्बन्धी विवरण लेखिनेछ ।

(३) त्यस्तो रोजनामचामा पानी जहाजको मास्टर (प्रमुख अधिकारी) ले हस्ताक्षर गर्नु पर्छ र पानी जहाज अडिने कुनै बन्दरगाहको स्वास्थ्य अधिकारीले

वा ●............ नेपाली कूटनैतिक वा वाणिज्य प्रतिनिधिले हेर्न चाहेको बखत देखाउनु पर्छ ।

१४. रेडियोको रोजनामचा : (१) रेडियो टेलिग्राफको उपकरण जडान भएको प्रत्येक नेपाली पानी जहाजले तोकिए बमोजिमको रेडियोको रोजनामचा राख्नु पर्छ । त्यस्तो रोजनामचा यात्राको बखत रेडियो टेलिग्राफ सञ्चालन गर्ने कोठामा राखिनेछ ।

(२) त्यस्तो रोजनामचामा रेडियो अधिकृतले आफ्नो नाम, रेडियो चालू वा बन्द गरेको समय, समुद्रमा जीवनको सुरक्षाको लागि महत्वपूर्ण लागेको रेडियो सेवा सम्बन्धित सबै घटनाहरु लेख्नेछन् ।

१५. कार्गो बूक : ५०० टन वा सो भन्दा बढी ग्रस टनेज भएको वा माल ढुवानी गर्ने प्रत्येक नेपाली पानी जहाजले तोकिए बमोजिमको कार्गो बूक राख्नु पर्छ । त्यस्तो कार्गो बूकमा सो पानी जहाजमा लादिएको माल सम्बन्धी विवरण खासगरी मालको किसिम र परिमाण सम्बन्धी विवरण र कहाँ कसरी लादिएको भन्ने कुरा समेत लेखिनेछ ।

१६. प्रमाणपत्र र रोजनामचाहरु फिर्ता गर्ने : (१) कुनै नेपाली पानी जहाजको दर्ता बदर भएमा त्यसको सबै प्रमाणपत्र र रोजनामचाहरु नेपाल पानी जहाज कार्यालयमा दाखिल गर्नु पर्छ ।

तर विदेशमा हस्तान्तरण भएका पानी जहाजका हकमा त्यस्तो प्रमाणपत्र र रोजनामचाहरु दाखिल गर्नु पर्दैन ।

(२) समुद्रयात्रा गर्ने कुनै नेपाली पानी जहाजको कुनै रोजनामचा पूरा उपयोग गरी सकिएपछि १ वर्षसम्म सो पानी जहाजमा नै राखी त्यसपछि नेपाल पानी जहाज कार्यालयमा दाखिल गरिनेछ ।

(३) यस दफा बमोजिम प्राप्त भएका पानी जहाजका प्रमाणपत्र र रोजनामचाहरु नेपाल पानी जहाज कार्यालयले प्राप्त भएको मितिले १० वर्षसम्म सुरक्षित राख्नेछ ।

## परिच्छेद-३

## विविध

१७. दण्ड सजाय : (१) यो ऐन बमोजिम प्रमाणपत्र र रोजनामचा नभएको कुनै पानी जहाजलाई नौपरिवहन गर्न अनुमति दिने व्यक्ति वा संगठित संस्थालाई रु. ८,०००/- सम्म जरिबाना हुनेछ ।

● केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

(२) यो ऐन बमोजिम रोजनामचा नभएको कुनै नेपाली पानी जहाज समुद्रयात्रामा लगिएमा वा प्रमाणपत्रहरुको म्याद नाघेका पानी जहाज नौपरिवहनको लागि काममा लगाईएमा त्यसरी समुद्रयात्रामा लग्ने वा काममा लगाउने व्यक्ति वा संगठित संस्थालाई रु. १५००/- सम्म जरिबाना हुनेछ ।

(३) देहायका अवस्थामा कुनै पानी जहाजको माष्टर (प्रमुख अधिकारी) लाई रु. १०००।- सम्म जरिबाना हुनेछ :-

(क) पानी जहाजमा यो ऐन बमोजिम राख्नु पर्ने कुनै लिखत नराखेमा ।

(ख) रोजनामचाहरु उचित ढङ्गले नराखेमा ।

(ग) अधिकार प्राप्त अधिकारीबाट चाहिएको बखत पानी जहाजका प्रमाणपत्र र रोजनामचाहरु पेश नगरेमा ।

(घ) दर्ता बदर भएका पानी जहाजको प्रमाणपत्र र रोजनामचाहरु नेपाल पानी जहाज कार्यालयमा दाखिल नगरेमा, वा

(ङ) पूरा उपयोग गरिसकिएको रोजनामचाहरु दफा १६ को उपदफा (२) मा तोकिएको म्यादसम्म पानी जहाजमा नराखेमा ।

(४) यो ऐन बमोजिम गर्नु पर्ने काम कारबाही नगर्ने नाविकलाई रु. ५००।- सम्म जरिबाना हुनेछ ।

१८. <u>मुद्दा हेर्ने</u> : (१) यो ऐन बमोजिम दण्ड सजाय हुने कुनै कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार नेपाल पानी जहाज कार्यालयको रजिष्ट्रारलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम कारबाही र किनारा गर्दा रजिष्ट्रारले प्रचलित नेपाल कानून बमोजिम जिल्ला अदालतलाई प्राप्त सबै अधिकार प्रयोग गर्नेछ र सो अदालतको कार्यविधि अपनाउने छ ।

(३) रजिष्ट्रारले आवश्यक सम्झेमा आफै वा अन्य अधिकृत खटाई नेपाल ⏭........... बाहिर पनि आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम रजिष्ट्रारले गरेको निर्णय उपर चित्त नबुझ्नेले ३५ दिन भित्र ✸<u>जिल्ला अदालतमा</u> पुनरावेदन गर्न सक्नेछ ।

१९. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ र सो नियमहरु नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू भएको मानिने छ ।

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

✸ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

<u>द्रष्टव्य</u> : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
“श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।